**EUROPEAN UNION**
**ELECTION OBSERVATION MISSION - NEPAL 2013**
**CONSTITUENT ASSEMBLY ELECTIONS**

#

**युरोपियन युनियन**
**निर्वाचन पर्यवेक्षण मिसन – नेपाल २०१३**
**संविधानसभा निर्वाचन**

**प्रेस विज्ञप्ति**

**उच्च सहभागिता सहित राम्रोसँग सञ्चालन गरिएको निर्वाचनले लोकतान्त्रिक राज्य निर्माणलाई निरन्तरता प्रदान गर्छ**

काठमाडौं, ६ मङ्सिर । युरोपियन युनियन निर्वाचन पर्यवेक्षण मिसन (ईयु ईओएम)ले मङ्सिर ४ गते भएको निर्वाचन हालसम्म राम्रोसँग सञ्चालन भएको र यसमा उच्च सहभागिता रहेको ठानेको छ । *"मतदानमा मात्र नभई सम्पूर्ण निर्वाचन प्रक्रियामा नै मतदाता र अन्य सरोकारवालाहरूको सबल र उत्साहपूर्ण प्रतिबद्धता उल्लेखनीय रहेको छ,"* ईयु ईओएमको प्रारम्भिक वक्तव्य प्रस्तुत गर्दै प्रमुख पर्यवेक्षक इभा जोलीले भन्नुभयो । ईयु ईओएमको वक्तव्यअनुसार, मतदान व्यवस्थित र सामान्यतया शान्त वातावरणमा सम्पन्न भयो । ईयु ईओएमद्वारा अवलोकन गरिएका मतदान केन्द्रहरूमा मतदान प्रक्रिया एकनासले भएका थिए र मतदान कर्मचारीहरूको कार्य अधिकांशत राम्रो रहेको मूल्याङ्कन गरियो ।

निर्वाचन आयोगले हालसम्म स्वतन्त्र र निष्पक्ष रूपबाट कार्य गरेको छ र सम्पूर्ण निर्वाचन प्रक्रियाभर जनविश्वास हासिल गरेको छ । सरसामान ढुवानीसम्बन्धी उल्लेख्य चुनौती र समयसीमाका बाबजुद निर्वाचनको तयारी समयमै पूरा भयो । निर्वाचन अभियानका अवधिमा वाक् तथा भेला हुन पाउने स्वतन्त्रताको राम्रोसँग सम्मान गरियो र उम्मेदवारहरू देशभर निर्वाचन अभियानमा सक्रियतापूर्वक सहभागी भएको प्रमुख पर्यवेक्षक इभा जोलीको निष्कर्ष रहेको छ । तथापि, प्रमुख पर्यवेक्षकले उल्लेख गर्नुभयो, *"निर्वाचन अवधिभर हिंसात्मक प्रकृतिका कतिपय घटनाहरू घटे । तर, निर्वाचन अभियान सकिँदा यसले धेरै असर पारेन,"* इभा जोलीले भन्नुभयो । आमसञ्चार माध्यमले सामान्यतया राजनीतिक दलहरूलाई अभिव्यक्तिको स्वतन्त्रताको वातावरणमा मतदातासमक्ष आफ्ना सन्देश पुऱ्याउने विविध मञ्च प्रदान गरेको पर्यवेक्षण मिसनले ठानेको छ ।

निर्वाचनको दिन ईयु ईओएममा संलग्न भएको युरोपेली संसदको प्रतिनिधिमण्डलका प्रमुख ड्यानिएल भोन डेर स्टोएपले भन्नुभयो, *"संविधानमा सहमत हुने दोस्रो मौका नेपालले पाएको छ र हामी नयाँ संविधानसभालाई यो मौकालाई तुरुन्त सदुपयोग गर्न आग्रह गर्दछौं । सन्तुलित र समावेशी संविधानको स्थापना र त्यसमा सहमति  पश्चात् नयाँ सरकारी अधिकारीहरूले यसलाई सम्पूर्ण रूपमा कार्यान्वयन गरी बोलीलाई कार्यमा रूपान्तरण गर्नु पनि उत्तिकै महत्वपूर्ण हुन्छ ।"* ईयु ईओएम असोज १८ गते नेपाल आइपुग्यो र यसले २७ ईयु सदस्य राष्ट्र तथा नर्वे र स्विट्जरल्यान्डका ११२ पर्यवेक्षकलाई देशभर परिचालन गऱ्यो । ईयु ईओएम मतगणना तथा परिणामको तालिकीकरण एवं सम्भावित उजुरी र आवेदनको अवलोकन गर्न देशमा रहिरहनेछ । मिसनले सम्पूर्ण निर्वाचन प्रक्रिया पूरा भएका दुई महिनाभित्र भविष्यमा हुने निर्वाचनका लागि सिफारिससहितको आफ्नो अन्तिम मुल्याङ्कन र निष्कर्ष जारी गर्नेछ ।

थप जानकारीका लागि सम्पर्क गर्नुहोस्, ***एबरहार्ड लौए,*** **ईयु ईओएम प्रेस अधिकृत,**
टेलिफोनः *+९७७–९८०११०१९८६ इमेलः* *eberhard.laue@eueomnepal.eu*